नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ८८२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मिति :२०७७/०६/०४

विषयः उखु कृषक दर्ता गरी लगत प्रकाशन गर्ने म्याद थप सम्बन्धी सूचना ।

श्री स्थानीय तह (पत्रमा उल्लेखित जिल्लाका )

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं.: २०७७/०७८ च.नं.०७ मिति २०७७/०५/३१ को उखु कृषक दर्ता गरी लागत प्रकाशन गर्ने म्याद थप सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त मिति २०७७/०५/३१ मा गोरखापत्रमा प्रकाशित सूचना संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी पत्रमा उल्लेखित उल्लेखित जिल्लाका सम्बन्धित स्थानीय तहहरुलाई सूचनाको व्यहोरा जानकारी गराई कार्यान्वयनमा सहजिकरणमा हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास महाशाखा

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्या: ०७७/७८ APMS
च.नं. : ०६

मिति:- २०७७-०५-३१

विषयः- उखु कृषक दर्ता गरी लगत प्रकाशन गर्ने म्याद थप सम्वन्धी सूचना ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा नेपाल सरकार वाट स्वीकृत उखु कृषकलाई अनुदान दिने सम्वन्धी कार्यविधि (दोश्रो संसोधन) २०७५ को दफा ४ (क) बमोजिम आ.व. २०७७/७८ देखि नेपाल सरकारवाट अनुदान प्राप्त गर्ने उखु कृषकहरु सम्वन्धित स्थानीय तहमा अनिवार्य दर्ता हुने प्रावधान अनुसार २०७७ भाद्र मसान्त भित्रमा दर्ता भएका उखु कृषकहरुको लगत प्रकाशन गरीसम्वन्धित चिनी मिल, जिल्लास्थित भुक्तानी समिति र यस मन्त्रालयमा उपलब्ध गराउने व्यवस्थाको लागि मिति २०७७-०२-२० गतेको गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कोभिड-१९ वाट श्रृजित विषम परिस्थितिको कारण दर्ता छुट भएका कृषकहरुलाई दर्ता गरी लगत प्रकाशन गर्ने म्याद २०७७ असोज मसान्तसम्म कायम गरि यस मन्त्रालय मार्फत मिति २०७७-०५-३१ गते सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराईएको छ । अतः सुनसरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, वारा, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) र कञ्चनपुर जिल्लाका सम्वन्धित स्थानीय तहहरुलाईयस सम्वन्धमा ताँहा मन्त्रालय वाट समेत पुनः जानकारी गराईदिनु भई कार्यान्वयनको लागि सहजिकरण हुने व्यवस्था मिलाईदिनु हुन अनुरोध छ ।

पुनश्चः यस सम्वन्धमा मिति २०७७-०५-३१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सार्वजनिक सूचना समेत यसै साथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

कान्चन राज पाण्डे
सह सचिव

<u>सादर अवगतार्थ</u>

माननीय मन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्रीमान सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

<u>वोधार्थ एवं आवश्यक सहजिकरण गरिदिनुहुनको लागि</u>

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संयोजकज्यू, भुक्तानी समिति, जिल्ला प्रशासन कार्यालय.
सुनसरी/सिरहा/महोत्तरी/सर्लाही/रौतहट/वारा/नवलपरासी वर्दघाट सुस्ता पश्चिम/कञ्चनपुर
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सुनसरी/सिरहा/महोत्तरी/सर्लाही/रौतहट/वारा/नवलपरासी वर्दघाट सुस्ता पश्चिम/कञ्चनपुर
श्री केन्द्रिय उखु उत्पादक सहकारी संघ लि. वर्दिवास ।
श्री नेपाल चिनी उद्योग संघ, काठमाण्डौं ।

# मिति २०७७/०५/३१ मा गोरखापत्रमा प्रकासित सूचना

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

## उखु कृषक दर्ता हुने म्याद थप सम्वन्धी सार्वजनिक सूचना

नेपाल सरकारवाट स्वीकृत उखु कृषकलाई अनुदान दिने सम्वन्धी कार्यविधि (दोश्रो संसोधन) २०७५ को दफा ४ क वमोजिम आ.व. २०७७/७८ देखि नेपाल सरकारवाट अनुदान प्राप्त गर्न उखु कृषकहरु सम्वन्धित स्थानीय तहमा अनिवार्य दर्ता हुनुपर्ने प्रावधान अनुसार, २०७७ भाद्र मसान्त भित्रमा दर्ता भएका उखु कृषकहरुको लगत प्रकाशन गरी सम्वन्धित चीनी मिल, जिल्लास्थित भुक्तानी समिति र यस मन्त्रालयमा उपलब्ध गराउने व्यवस्थाका लागि मिति २०७७-०२-२० गतेको गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कोभिड-१९ वाट श्रृजित विषम परिस्थितिको कारण दर्ता छुट भएका कृषकहरुलाई दर्ता गरी लगत प्रकाशन गर्ने म्याद यही २०७७ साल असोज मसान्तसम्म कायम गरिएको व्यहोरा यसै सूचनावाट जानकारी गराईन्छ ।